# बृहत् राष्ट्रिय लोक–गणतान्त्रिक मोर्चा, नेपाल
## (NATIONAL DEMOCRATIC REPUBLICAN FRONT)
केन्द्रीय कार्यालय, पुतलीसडक, काठमाडौं
फोन : ४२६९४८१ फ्याक्स : ४२१९३७१

मितिः-०३ पौष २०६३

### प्रेस विज्ञप्ति

मिति २०६३ कार्तिक २२ गते सात दल र ने.क.पा.(माओवादी) वीच सम्पन्न राजनीतिक सहमति, २०६३ मंसिर ५ गते नेपाल सरकार र ने.क.पा.(माओवादी) वीच सम्पन्न विस्तृत शान्ति सम्झौता र २०६३ साल पौष १ गते सम्पन्न आठ दल वीचको अन्तरिम संविधान सम्बन्धी राजनीतिक सहमति भएकोमा हामी खुशी व्यक्त गर्न चाहान्छौं । यसले मुलुकलाई शान्तिपूर्ण तवरले संविधानसभाको प्रक्रियामा लैजान महत्वपूर्ण भूमिका निर्वाह गर्ने कुरामा हामी विश्वस्त छौं । तर अन्तरिम संविधानले पनि मुलकको जातीय, वर्गीय, लिंगीय, क्षेत्रीय समस्या हल गर्ने कुनै ठोस नीति अवलम्बन गर्न नसकेको, जातीय तथा क्षेत्रीय स्वायत्तशासनको आधारमा संघात्मक राज्यको पुनःसंरचना गर्नुपर्ने जस्ता विषयलाई गौण बनाएको, सामाजिक सुरक्षा, स्वास्थ्य, रोजगार र शिक्षाजस्ता आधारभूत अधिकारलाई मौलिक हकमा नराखिएको, समानुपातिक निर्वाचनका सट्टा मिश्रित निर्वाचन प्रणाली अपनाई आदिवासी जनजाति, दलित, मधेशी, महिलालगायत उत्पीडित जनताको सहभागीतालाई संविधानसभामा कमजोर बनाइ राज्यको पुनःसंरचना तुहाउने खेल खेलेको र गणतन्त्रलाई संस्थागत गर्ने विषयलाई ओझेलमा पारेकोमा हामी गंभिर आपत्ति र असहमति जनाउँदछौं।

साथै, २०४ सिटमा मात्र आरक्षण र समानुपातिक लागु हुने, खस नेपाली भाषालाई सरकारी कामकाजको भाषा मान्ने र दल दर्ता गर्नका लागि १० हजारको हस्ताक्षर बुझाउनुपर्ने जस्ता अप्रजातान्त्रिक प्रावधानहरु अन्तरिम संविधानमा रहनु खेदजनक र आपत्तिजनक छ । गाई चिन्हका कारणले यस मुलुकका ३८ प्रतिशत आदिवासी जनजाति र ४ प्रतिशत मुस्लिम समुदायले लामो समयदेखि जेलनेल र मुद्दा व्यहोर्दै आउनुपरेको छ । यो अवस्थामा फेरी आफूलाई लोकतान्त्रिक भन्ने सरकारले पनि गाईलाई नै यथावत् राखेर देशमा पुनः हिन्दूराज्य खडा गर्न तिनै अतिवादी हिन्दूहरुलाई बल पुर्‍याउने काम गरेकोमा हामी घोर आपत्ति जनाउन चाहान्छौं ।

साथै, सम्झौताको मसी सुक्न नपाउदै राजनैतिक सहमतिको उलंघन गर्दै सरकारले एकपक्षीय रूपमा भागवन्डा गरी राजदूत नियुक्त गर्ने तथा आयोगहरुमा मनोनयन गर्ने काम गरेकोमा पनि हाम्रो ध्यानाकृष्ट भएको छ । त्यस्मा पनि **शैलजा आचार्य**जस्ता जनआन्दोलन विरोधी दरवारियालाई राजदूत र **विश्वनाथ उपाध्याय**जस्तो जनजाति विरोधीलाई राष्ट्रिय मानवअधिकार आयोगको अध्यक्ष पदमा सिफारिस गरेको तर एक जना पनि जनजाति, दलित तथा मधेशी महिलालाई मनोनयन नगरेको र निर्वाचन आयोगमा एउटै समुदायको व्यक्तिहरु नियुक्ति गरेको र साथै, विभिन्न सरकारी-अर्धसरकारी संस्थान निकायहरुमा आदिवासी जनजाति, दलित, महिला र मधेशीको समुचित प्रतिनिधित्व हुनेगरी नियुक्ति नगरिएकोमा हाम्रो गंभीर आपत्ति रहेको कुरा हामी व्यक्त गर्न चाहान्छौं । अतः यसप्रकारका सबै कामकार्वाही अविलम्ब बन्द गर्न र अन्तरिम संविधानमा रहेका र पर्नु पर्ने नपरेका विषयहरुमा पुनः विचार गर्न हामी जोडदार माग गर्दछौं । साथै, अन्तरिम संविधान घोषणा, अन्तरिम संसदको निर्माण र अन्तरिम सरकारको गठन गरी संविधान सभाको निर्वाचनको मिति यथासिघ्र तोक्न पनि आग्रह गर्दछौं ।

.....................................
परशुराम तामाङ
अध्यक्ष